Received Date : Oct. 2022 Revised :Nov. 2022 Accepted : Dec. 2022

# मध्यकालीन लमजुङ राज्यको अस्तित्वभित्र गृष्मकालीन दरबार : पुरानकोटगढी

**बमबहादुर अधिकारी 'पीएच.डी'**
सहप्राध्यापक/विभागीय प्रमुख (इतिहास विभाग)
त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौं
Email: adhikaribambahadur@gmail.com

**सारसङ्क्षेप**

*लमजुङमा शाह खलकका पुर्खाहरू कालु शाहसमेत गरेर यशोब्रह्म, नरहरी, चूडा, नरेन्द्र, भीम (दशिवन्त) अचिन्द्र, केहरीनारायण, रिपुमर्दन र वीरमर्दन नामक शाह राजाहरूले झण्डै ३ सय वर्ष शासन गरे । कुसुमाकर घिमिरेको पहलमा दुरा जातिको सहयोग लिएर गुरुङ, मगर र घिमिरेहरूको समर्थनमा लमजुङको मुख्य रजस्थल गाउँशहर, शीतकालीन बेसीशहर र गृष्मकालीन पुरानकोट राजधानीको अतिरिक्त राइनासकोट, तार्कुकोट, तान्द्राङकोट, बजारकोट, जिताकोट, याङ्जाकोट, तुर्लुङकोट र पुरानकोटमा सैनिक टुकडीहरू राखिएका थिए । लमजुङका घले राजाको विरुद्धमा दुरा जातिका पुर्खाहरूलाई आफ्नो बशमा लिइ कास्कीका राजा कुलमण्डन शाहका माइला छोरा कालु शाह र कान्छा छोरा यशोब्रह्म शाहलाई ल्याएर लमजुङको पहिले तुर्लुङकोट र पछि पुरानकोटमा राजा बनाउने भूमिकाको अग्रज घिमिरेबन्धुका जिजु कुसुमाकर घिमिरे थिए । लमजुङ विशाल नेपालमा विलय हुँदा गोरखाली सेनासँग तार्कुघाटमा वि.सं. १८३९ को वर्ष घमशान युद्ध भयो । गोरखाको नेतृत्वमा लमजुङ राज्यको विलय विशाल नेपाल राज्यमा भएपश्चात् कैयौं राजकीय विशेषताहरू लमजुङबाट नेपालमा हस्तान्तरण भएको छ । यहाँ लमजुङ राज्यको तुर्लुङ्गकोटपछिको दोस्रो रजस्थल सामरिक दृष्टिले महत्वपूर्ण पुरानकोट गढी एवं किल्लाको सन्दर्भमा विशेष चर्चा गर्नु यस लेखको मुख्य ध्येय रहेको छ । यसको अतिरिक्त लमजुङका ऐतिहासिक, पुरातात्त्विक तथा पर्यटकीयस्थलहरू र मध्यकालीन लमजुङ राज्यका उपरोक्त रजस्थलहरूसहितका सैनिक टुकडीहरूको उल्लेख गरी पुरानकोटगढी, काउलेपानी, गाउँशहर रजस्थलका सन्दर्भमा व्याख्या विश्लेषण गर्दै गृष्मकालीन पुरानकोट दरबारको सम्बन्धमा चर्चा गर्नु यस लेखको मुख्य सार रहेको छ ।*

**शब्द कुञ्जिका :** पुरानकोट, खजे दुरा, कुलमण्डन, कालु शाह र यशोब्रह्म शाह, गढी, कोट, किल्ला र कालिका

## अध्ययनको उद्देश्य र विधिः-

मध्यकालीन लमजुङको इतिहासमा पुरानकोट गढी एवं सामरिक किल्ला पुरातात्त्विक, सांस्कृतिक र ऐतिहासिक सम्पदा नै भएकाले पुरानकोट र काउलेपानी गाउँ एवं त्यहाँको होमस्टेको विषयमा खोज-अनुसन्धान गरीउजागर गरि दिनु लेखको प्रमुख उद्देश्य रहेको छ । लमजुङको ऐतिहासिक विशेषताको बारेमा उल्लेख गर्नु यस लेखले मागेको उज्यालो पक्ष हो । वर्तमान लमजुङ जिल्लाको उज्जल नक्षत्रको रूपमा लमजुङ दरबारको नाम नसुन्ने सायद कोही पनि छैन होला तथापि लमजुङ दरबारसँगै पुरानकोटको गृष्मकालीन र वेसीशहरको शीतकालीन दरबारका गतिविधि र क्रियाकलापलाई उजिल्याउने लेख र पुस्तकको खाँचो पूरा गर्नु यस लेखको प्रमुख ध्येय रहेको छ । प्रस्तुत लेखमा पुस्तक, जर्नल र स्मारिकाहरूमा प्रकाशित सेकेन्डरी स्रोतहरूको सहारा लिइ प्राइमरी स्रोतहरूको उपयोग गरिएको छ ।

यसको अतिरिक्त ऐतिहासिक स्रोत सामग्रीहरूलाई बढी विश्वासयोग्य गराउन दुई वा सो भन्दा बढी स्रोतको बीचमा तुलनासमेत गरेर उपरोक्त स्रोतहरूलाई प्रयोग गरिएको हुनाले यस अध्ययनको विशेष महत्त्व रहेको छ । यो लेख ऐतिहासिक तथ्यमा आधारित वर्णनात्मक र विश्लेषणात्मक विधिको उपयोग गर्दै

ऐतिहासिक विधिलाई पनि प्रयोगमा ल्याइएको छ । यो लेख एम.एल.ए. स्टाइलमा लेखिनुको साथै लेखमा ऐतिहासिक तथा पुरातात्त्विक स्रोतको खोजी गर्ने कार्यलाई पनि निर्देश गरिएको छ । परिमाणात्मक भन्दा गुणात्मक विधिमा आधारित यो लेखको अध्ययन समग्रमा ऐतिहासिक रहेको र आगमन तर्कसंगत अनुमानमा आधारित तथा निगमन विधि दुबैलाई उपयोग गर्दै विवेचनात्मक र विश्लेषणात्मक बनाउने प्रयास गरिएको छ ।

## लमजुङको ऐतिहासिक पृष्ठभूमिः-

"लमजुङ" शब्द मगर भाषाबाट आएको होर यसको अर्थ अग्ला, लामा एवं ठूला पहाड तथा पर्वतहरूले बनेको भूमि भन्ने बुझिन्छ । लमजुङको पुरानो नाउँ लोमसङ्ग, लमतरजुङ, लामजुङ हुँदै लमजुङ भएको हो । लोमश ऋषिको तपोभूमि भएकाले लोमशसङ भनियो भने लामा रौं भएका मानवबस्ती भएकाले लामाजुङ्गा हुँदै लमजुङ भयो । बाटोको छेउको गढी किल्ला हुनाले लोमङजोङबाट लमजुङ भनियो । गुरुङ भाषामा लम भनेको 'लामा' र जुङ भनेको 'गढी' हो । तिब्बती भाषामा 'लोम' को अर्थ बाटो र 'जोङ' को अर्थ बाटोमाथिको गढी वा किल्ला हुने हुँदा 'लोमजोङ' शब्दले पहाडको टाकुरामा रहेको बाटोमाथिको गाउँशहरकोटलाई बुझाउने यही 'लोमजोङ' शब्द अपभ्रंश भएर लमजुङ [१]नामकरण गरिएको हो । राष्ट्रकवि माधव घिमिरे, मूर्धन्य इतिहासकार डिल्लीरमण रेग्मी, महान योद्धा भक्ति थापा, भूगोलवेत्ता हर्क गुरुङ, महसिकारी मणि गुरुङले चर्चेको लमजुङ शाहवंशको उद्गमस्थल हो, जहाँ च्ववन र लोमश ऋषि तथा दण्डीबाबाले तपस्या गरेका थिए ।

लमजुङ जिल्लाको उत्तर तथा उत्तर-पश्चिमी अग्ला लेकाली क्षेत्रमा पशुपालन व्यवसायको विकास गरी प्राचीन कालदेखि बसोवास गर्दै आएका गुरुङ तथा घले जातिहरूले आफ्नो भाषा, संस्कृति, रहन-सहन तथा सामाजिक, आर्थिक र राजनीतिक संरचनाको स्थापना गरे । सामान्य खोज तथा अनुसन्धानले जिल्लाको समग्र उत्तरी भेग गुरुङ तथा घले जातिको सामाजिक तथा राजनीतिक प्रभाव क्षेत्रभित्र रहेको देखाउँदछ। विशेषगरी मनाङको खोम्जोङ दरबारका 'वानर' र 'खुर्सानी' घलेले लमजुङमाथि अधिकार जमाए। जिल्लाको उत्तरी लेक तथा अग्ला-अग्ला पहाडी भेगमा गुरुङ जातिको बसोवास रहे पनि दक्षिणी भेकका टार तथा वेंशीहरूमा क्षेत्री, ब्राह्मण, दमाई, कामी, सार्की आदि जातिका मानिसहरू बसोवास गर्दछन्।त्यतिबेला भद्र, शान्त तथा इमान्दार जातिको रूपमा चिनिने मगर जातिलाई राजदरवारको सेवामा राखियो । मगर भाषा एवं भेषभुषा र संस्कृतिको सामान्य प्रभाव राजदरवार एवं शासन सञ्चालनमा रहेको कुरालाई कतिपय सामाजिक तथा सांस्कृतिक संस्कार र परम्पराले पुष्टि गरेको [२]वर्णन पाइन्छ ।

सोहौं सताब्दीदेखि शाह वंशीय राजाका पूर्वज कालु शाह र यशोब्रम्ह शाहले लमजुङ जिल्लामा शासन गरे। कालु शाहको शासनकाल वि.सं. १५४६ देखि १५५० सम्म र त्यसपछि उनैका कान्छा भाइ यशोब्रह्म शाहले वि.सं. १५५० देखि शासन गरे ।[३] यशोब्रह्म शाह कास्कीकोटका राजा कुलमण्डन शाह (जगाती खान) काकान्छाछोरा तथा कालु शाह यशोब्रह्म शाहका माइला दाजु थिए । कालु शाहको अवशानपछि लमजुङ राज्यमा यशोब्रह्म शाहको शासन कायम रह्यो । यशोब्रह्म शाहको शासनकाल पूर्व उनका माइला दाजु कालु शाहले ३-४ वर्ष शासन चलाउँदै गरेको अवस्थामा शेषान्त घले जातका शासकहरूले कालु शाह र दुराहरूका पुर्खा नारायण दुरालाई बाग्लुङ पानी क्षेत्रको सिंसिं नामक ढुङ्गानेर विषालु वाण हाने; त्यही वाणको प्रहारबाट कालु शाह र नारायण दुराको ज्यान गयो[४]। उनको हत्याको बदला राजा यशोब्रह्म शाहले लिएरै छोडे । घलेको रजाईं हटाउन दुरा, गुरुङ र घिमिरेसहितका ६ घर-थरको सहयोग लिए। लमजुङमा अझै पनि'घिमिरेको काम्लो

---

[१]बमबहादुर अधिकारी, "नेपालको इतिहासमा लमजुङ राज्य" *हिसान जर्नल,* नं. ०१ भोलुम ५ २०७६ वि.सं., पृष्ठ, १२६-१३६ ।

[२]बमबहादुर अधिकारी, लमजुङको सङ्क्षिप्त इतिहास, (काठमाडौंः मोलुङ फाउन्डेसन, २०६९ वि.सं.) पृष्ठ, ७३-७५ ।

[३]अधिकारी, *पूर्ववत्* , टिप्पणी नं. १, पृष्ठ, १२७ ।

[४]बमबहादुर अधिकारी, लमजुङको पर्यटनको इतिहास, (काठमाडौंः हाम्रो नवोदित पुस्तक भण्डार, २०७३ वि.सं.) पृष्ठ, ११३ ।

र दुराको नाम्लो' बाट शाही राजाको राज्य स्थापना गरिएकालेत्यहाँ "दुराको नाम्लो, घिमिरेको काम्लो' भन्ने गरिन्छ ।[५]

त्यस कार्यको परिपूर्ति गर्नराजालाई तत्कालीन दुराडाँडाका खजे दुरा, अर्घौंका नारायण दुरा, चिसंकुका कुश्माकर घिमिरे, नेटाका जिताराम भँडारी, सिङ्दीका चामु धिङ्गाल, पाखी मिजुरेका शुक्रावर क्वाप्छा खत्री, बेसीशहरका सुएँल, चितीका तिवारी, दिहिथोकका अधिकारीलगायत गुरुङ जातिले सहयोग पुऱ्याए । कुश्माकर घिमिरेको कास्कीकोटका राजा कुलमण्डन शाहसँग कूटनैतिक सम्बन्ध कायम रहेको हुँदाउनले दुरा, घिमिरे, पुँवार, भँडारी, रावल, सुएँल नामक ६ थरलाई आफ्नो पक्षमा मिलाए ।[६]सुरुमा कास्कीका शाही राजाकहाँ राजा माग्न जाँदा दघिराम दुरा, मधै दुरा, चामु घिंगाल, शुक्रावर क्याप्छालाई मतोमा मिलाए । गाउँशहरकोट शाही राज्यको मुख्य राजधानी कायम भएपछि शाहवंशको उद्गम विन्दु यही गाउँशहरकोट भयो ।[७]

## पुरानोकोट-गढी क्षेत्रः-

मध्यकालीन लमजुङका ८ वटा मुख्य कोटहरूमा तुर्लुङ्गकोट, पुरानकोट, राइनासकोट, बजारकोट, तान्द्राङ्गकोट, याङ्जाकोट, तार्कुकोट र जिताकोटहरू पर्दछन् । तुर्लुङ्गकोट लमजुङका शाही राजाहरूको पहिलो रजस्थल हो भने पुरानकोट दोस्रो रजस्थल र सबैभन्दा अग्लो सामरिक तथा सुरक्षित किल्ला पनि हो । यो किल्ला बेसीशहर न.पा. को ४ नं वडामा पर्दछ । त्यसैगरी काउलेपानी र मुख्य दरबार क्षेत्र गाउँशहरकोट भने वडा नं. ३ मा पर्दछन् । यसरी नै राइनासकोट यशोब्रह्म शाहका माइला छोरा द्रव्य शाहले गोठ चर्चेको सैनिक टुकडी तथा लमजुङ राज्यको अर्को सामरिक किल्ला हो । पुरानो लमजुङ हाल कास्की जिल्लामा पर्ने याङ्जाकोट गुरुङजातिको प्रमुख बस्ती क्षेत्र हो ।

तत्कालीन समयमा हाट बजार लाग्ने बजारकोट पुरानो लमजुङको सदरमुकाम कुन्छा कायम हुनु भन्दा पूर्वको परेवाडाँडा निकटको प्रमुख बजार क्षेत्र हो । तान्द्राङ्गकोट हालको मध्यनेपाल न.पा. भित्रको बाङ्ग्रे निकटको गुरुङ जातिको बस्ती रहेको लमजुङ राज्यको सैनिक टुकडीस्थल हो । जिताकोट तुर्लुङ्गकोट रजस्थलदेखि दक्षिणतर्फको पुरानो लमजुङ राज्यको सैनिक टुकडीस्थलहो । गाउँशहर दरबार रजस्थलको प्रशासनिक सैनिक एकाइका रूपमा यी आठवटा कोट किल्लाहरूको विशेष भूमिका रहेको थियो । लमजुङमा यस्ता अन्य कोटहरूमा पाखुरीकोट, अर्चलकोट, मोहोरियाकोट, बाह्रकोट (चौथर), गौंडाकोट, गिलुङकोट, करापूकोट, च्यौरालीकोट (भीरपुस्तुन) आदि पर्दछन् । सैनिक टुकडी रहेका आठवटा कोट किल्लाहरूको अनुसन्धान हुनु जरुरी छ ।

पुरानकोटगढीकाराजा कालु शाहको दरबार तथा रानी वसन्तावतीको दरबारस्थलमा तत्कालीन कलाकौशलका सामग्रीहरू ढिकी, जाँतो, प्रस्तर कलाहरू, पानी पँधेराहरू, सैनिकहरूले परेड खेल्ने ग्राउन्डहरू, मन्दिरका भग्नावशेषहरू, रस्तीबस्तीका घुमाउने घर आँगनका अवशेषहरू भेटिएका छन् । पुरानकोटको गढीबाट झूल्के घामको सूर्योदय र सूर्यास्तको अवलोकन गर्दा उत्तरतर्फका सेता हिमाली श्रृङ्खला, पश्चिमतर्फ देखिने माछापुच्छ्रे, धवलागिरि, अन्नपूर्ण, मनास्लु र गणेश हिमाललगायत हर्कपिकका श्रृङ्खलाहरूको मनोरम दृश्यावलोकन गर्न सकिन्छ ।दरबार तलको आग्नेयको चट्टान एवं भीरलाई रकक्लाइम्बिङ्गपर्यटनको गन्तव्यस्थल बनाउन सकिन्छ । हिजोआज पुरानकोटको गुरुङ गाउँ, काउलेपानी गाउँ र गहतेदेखि नरुवालसम्मका गाउँ-ठाउँहरूमा होमस्टे सञ्चालनको लहर चलिरहेको छ ।

---

[५]जगमान गुरुङ, "घिमिरेको काम्लो दुराको नाम्लोले बनेका राजा" *शोध तथा अनुसन्धानात्मक ग्रन्थ दोस्रो स्मारिका* , २०७४ वि.सं. घिमिरे राष्ट्रिय प्रतिष्ठान नेपाल, पृष्ठ, ५९-६० ।

[६]बमबहादुर अधिकारी, "कुसुमाकर घिमिरे : लमजुङका एक जीवन्त ऐतिहासिक र सांस्कृतिक निधि" (इतिहासले बिर्सिएको कुश्माकर घिमिरे) घिमिरे राष्ट्रिय प्रतिष्ठान नेपाल, २०७८ वि.सं. अंक १, भोलुम ३ पृष्ठ, १८-३२ ।

[७]बमबहादुर अधिकारी, *लमजुङको सुनौलो इतिहास,*(काठमाडौं: स्वदेश प्रकाशन प्रा.लि., २०२०७६ वि.सं.) पृष्ठ, ९९ ।

ती होमस्टेहरूमा ताजा अर्गानिक भर्जिन खानपान तथा गुरुङे लोकसंस्कृतिको मीठो स्वाद चाख्न पाइन्छ । वनपाखाको कुरिलोको अचार, निउरोको तरकारी, स्थानीय खसी-बोका, लुइँचे, कालिजको मासुजस्ता अर्गानिक खाद्य पदार्थहरूको मजा लिँदा विदेशको बसाइ के बसाइ यी गाउँको बसाइमा पृथक आनान्दको अनुभूति हुन्छ । मनोरञ्जनको लागि दिउँसै नाचगान र दोहोरी, रातमा मारुनी झाम्रे र चुट्काका नृत्यहरूबाट पाहुनाहरूलाई स्वागत र रसोस्वादन गराइन्छ । पाहुना सत्कारको त कुरै नगरौं । विदाईका बेला भ्रमण टोलीका नेतालाई जन्तर, खादा र फूलमाला तथा अतिथिहरूलाई सेतो अक्षता र फूलगुच्छासहित सेतो चामल र दहीको टीका लगाइदिँदै दही खुवाएर विदाइ गर्दाको आतिथ्य सत्कार पाहुनाहरूको मानषपटलमा कहिल्यै नबिर्सने क्षण बन्दै गएको छ ।[८]

लमजुङमा त्यहाँका रैथाने घले शासकहरू मनाङको खोम्जोङ दरबारबाट उत्तरी भेगको भीरपुस्तुन गाउँतिर राज्य स्थापना भएको थियो । पुरानकोटको बाहुनी पँधेरामा कुशुमाखर र उनकी धर्मपत्नी यशोदा घिमिरे (गुरुआमा) ले स्नान गर्दथे । राजाको दरबारको निकटमा अवस्थित कोर्ट कालिका गढीमाईको मौलो मन्दिरमा गुरुङ कर्ता तथा गुरुङ नै पुजारी रहेका थिए । सरकारी गुठीबाट पूजा सञ्चालन गरिने चण्डीदेवीको मन्दिरको मौलो मन्दिरमा बाहुनवेंशीका घिमिरे पुजारी रहेका थिए भने कर्ता पुरानकोटका गुरुङ रहेका थिए । जलदेवीलाई गुठी नराखिए पनि पुजारी र कर्ता गुरुङ नै रहेका थिए । दरबार परिसरको निकटमा घुमाउने घरसहित गुरुङ बस्ती र त्यसको निकट द्रव्य शाहको गोठ रहेको थियो । [९]

गाउँशहर दरबार तथा कालिका मन्दिरको जीर्णोद्धार एवं संरक्षण र सम्वर्द्धनको लागि ठूलो योगदान पुँवर थापा परिवारको रहेको छ ।पूर्व प्रधान सेनापति पूर्णचन्द्र थापाका बाबु कर्णेल फणिन्द्र थापा, बाजे मेजर डम्बरबहादुर थापा र जिजुबाजे कप्तान प्रेमबहादुर थापा परिवारका चार पुस्ताले लमजुङे राजाको मुख्य दरबार गाउँशहरको संरक्षण र जगेर्ना गर्दै आएका छन् । मुख्य दरबारको समीपमा रहेको लमजुङ हाईस्कूललाई आहालेमा सारेर त्यहाँ सुरक्षाकर्मीको कार्यालय भवन तयार गरी सो भवनको प्राङ्गणमा यशोब्रह्म शाहको सालिक अनावरण गर्ने कार्य पूर्व प्रधान सेनापति पूर्णचन्द्र थापाकै योगदान मान्न सकिन्छ । चारपुस्तादेखि यो पुँवर थापा परिवारले लमजुङे राजाको गृष्मकालीन दरबार पुरानकोट, मुख्य दरबारगाउँशहर र शीतकालीन दरबार बेसीशहरको संरक्षण तथा सम्वर्द्धनमा अतुलनीय योगदान दिएका छन् । समुद्री सतहदेखि १९०० मि. को उचाइमा अवस्थित यो पुरानकोटगढी बेसीसहर, गाउँशहर, पुरानकोट र नाल्मा क्षेत्रकै शिर हो । काउलेपानीसम्म मोटरमा गएर करिब एक घण्टाको पैदलयात्रापछि पुगिने पुरानोकोट गढीमा हिजोआज मोटरमा पुग्न सकिन्छ । यहाँ शाहवंशीय राज्यकालमा ग्रिष्मकालीन दरबार थियो भन्ने ऐतिहासिक कथनलाई मूर्त रूप दिनको लागि कालु शाह र उनकी रानीको भग्नावशेष अझै पुरानकोटको उच्च डाँडोमा देख्न सकिन्छ । त्यस दरबारको जगेर्ना गर्न सकेको खण्डमा जीउँदो इतिहासलाई बचाउन सकिन्छ । उतिबेलाको दरबार र नजिकै रहेको मानव बस्तीको भग्नावशेष भने अहिले पनि अवलोकन गर्न पाइन्छ । तत्कालीन समयमा प्रयोगमा ल्याइएका ढिकीको ओखल, जाँतो, सिलौटोलगायतका ढुङ्गे सामग्री अझै पनि त्यहाँ छन् । सो क्षेत्रमा विभिन्न देवीदेवताका मठमन्दिर रहेकाले अझै पनि पूजाआजा गर्ने चलन छ ।[१०]

## पुरानकोट तथा काउलेपानी गाउँ क्षेत्र:-

पुरानकोट गाउँक्षेत्रको उचाइ समुद्री सतहाबाट १,६०० मिटर रहेको छ । पुरानोकोट गढीबाट दक्षिणतर्फ रहेको पुरानकोट गाउँ बेसीसहर नगरपालिकाको अर्को एउटा रमणीय क्षेत्र हो । वडा नम्बर ४ मा रहेको यो गाउँ पुरानकोट गढीदेखि किरिञ्चेखोलासम्म लाम्चो आकारमा फैलिएको छ भने सुन्दरबजार

[८]मिति २०७८/०९/७ गते पुरानकोट होमस्टेमा प्रज्ञा प्रतिष्ठानका उपकुलपति डा.जगमान गुरुङसहित लेखकसहितको भ्रमण दलका टोलीलाई कन्याकाशीसहितको महिला टोलीले स्वागत गरेको अनुभवका आधारमा ।

[९]बाहुनवेंशीका वर्ष ६५ का रामप्रसाद घिमिरेसँग मिर्मिति २०७९/०२/१३ गते लिएको साक्षात अन्तर्वार्ताका आधारमा ।

[१०]लेखकको मिति २०७८/१२/२७ गते सम्बन्धित अध्ययन क्षेत्रमा भएको अध्ययन तथा भ्रमणको अनुभवका आधारमा ।

नगरपालिकाको भू-भागसँग सिमाना जोडिएको छ । यहाँको मुख्य आकर्षण भनेकै पुरानकोट गढी र रक क्लाइम्बिङ गर्ने पहराहरू हुन् । मुख्य गरी गुरुङ समुदायको बसोबास रहेको यो क्षेत्र ग्रामीण पर्यटन र होमस्टेका दृष्टिले समेत उत्कृष्ट मानिन्छ । यहाँ आफ्नै खालका रैथाने कला, संस्कृति, रीतिरिवाज, चालचलन, रहन-सहन र भेषभूषा देख्न सकिन्छ ।

पुरानकोटबाटै लमजुङे शाही राजदरबार गाउँशहर सारिएको हो । कालु शाहको पालामा तुर्लुङ्गकोटभन्दा पुरानकोट सुरक्षित स्थान भएको हुँदा कालु शाहलाई घिमिरे, दुरा, गुरुङलगायतका ६ घरथरले पुरानकोटमा रजस्थल सारेका थिए । काउलेपानी, गहते, जेर्खौ, लब्ले, बाखेजगात, आदि स्थानको तुलनामा पुरानकोटगढी सुरक्षित मानिएको हुँदा भलापाँचले कालु शाहको दरबार पुरानकोट कायम गरे । कालु शाहको शासनकालदेखि नै राज्यको भारदारीसभामा मगर, बोहोरा, घिमिरे, बराल, सुएँल, दुरा, खवास, पुँवर थापा, राउत, अधिकारी जातका सबैलाई समावेश गरिएको थियो । यशोब्रह्म शाहको पालादेखि गाउँशहर कालिका, उदिपुक कालिका, तुर्लुङ्ग कालिका, थानसिं मालिका मन्दिरहरूको व्यवस्थापनका लागि गुठी खेत र बारी जग्गाको व्यवस्था[११] गरिएको थियो भने यसैगरी लमजुङ गाउँशहर दरबार जेठा राजकुमार नरहरि शाहलाई, गोरखा माइला राजकुमार द्रव्य शाहलाई र कान्छा राजकुमार नरेन्द्र/नरपति शाहलाई भीरपुस्तुनको राज्य प्रदान गरियो ।[१२]

त्यतिबेलादेखि नै बाईस सुसारेको व्यवस्था गरिएकोले जुन जातिको भागमा जे विषयको भूमिका थियो, त्यस व्यक्ति र जातिलाई किटान गरिएको आ-आफ्नो भूमिका निर्वाह गर्न लगाइयो । लमजुङ दरबारको मातहतका गाउँहरूमा लेक, वेंशी, खर्क, खरबारी, बाटोघाटो, कुलोपैन, घरबारी र जंगलमा निश्चित नियम बनाइएयो । सामाजिक चाडपर्व, जात्रा, उत्सव, खेल, झारा, प्रथा तथा रीतिरिवाज हरेकमा राजाको निर्देशन हुन्थ्यो । लमजुङे राजाले बाँधेका नीति नियमलाई सबै प्रजा एवं जनता जनार्दन सबैले पालना गर्नु पर्दथ्यो । राजा यशोब्रह्म शाहले राज्यकालको उत्तरार्धतिर आएर २२ सुसारेको दरबन्दी थप गरी २७ सुसारेको व्यवस्था गरे । त्यसपछि सबै सुसारेको दरबन्दीहरू यशोब्रह्म शाहपछि राजा हुने नरहरि शाह, चुडा शाह, अचिन्द्र शाह, नरेन्द्र शाह, केहरीनारायण शाह, भीम/दशिवन्त शाह, रिपुमर्दन शाह र वीरमर्दन शाहसम्म कायम रह्यो । हरेक वर्षको बडादसैंको फूलपातिको अघिल्लो दिन रात्रीको समयमा निशान पूजा गर्नका लागि पूजा सामग्रीहरू तयार गरी बाहुनेंशीका घिमिरे पूजारीको निर्देशनमा बेसीशहरका आले राना मगरहरूले फूलपाती तयार गरी फूलपातीको डोली बोकेर चण्डीस्थान पुग्छन् रत्यसपछि गाउँशहर दरबारबाट बाजागाजसहित दशअवतारका देवतासहित चण्डीस्थानमा भेट भएर फूलपाती पूजा तथा बलि पूजा गर्ने गर्दछन् र बाजागाजासहित सो फूलपातीको डोली गाउँशहर लमजुङ कालिका दरबारमा भित्र्याउने प्रचलन आजसम्म रहेको छ ।

राजा यशोब्रह्मको पालामा दरबारको उचित व्यवस्थापन तथा आठवटा सैनिक टुकुडीहरूको राजनीतिक व्यवस्थापन भएको थियो भने नरहरि शाहको पालामा आएर कुलो तथा उचित व्वस्थापन भयो । त्यसै गरेर चुडा शाहको पालामा फलफूलका बगैंचाहरूको व्यवस्थापन गरियो भने अचिन्द्र शाहको पालामा आएर उदिपुक कालिका, नारायणस्थान मन्दिर, पुरानकोटकी जलदेवी मन्दिर, चण्डीस्थान, गाउँशहरकी चण्डीदेवी, गाउँशहरको पञ्चायनस्थान, मझुवाघाटको महादेव मन्दिर, तान्द्राङ्ग टक्सारको नागभैरव पीठ, भीमसेनथानको जीर्णोद्धार गरिएको थियो । राजा नरेन्द्र शाहको पालामा आएर काठमाडौं उपत्यका जाने, नारायणघाट अमलेखगञ्ज, पतथरघट्टा जाने, भोट-तिब्बत छिर्ने, कास्कीपोखरा जाने बाटोघाटोको व्यवस्था गरिएको थियो । यसैगरी केहरीनारायण शाहको पालामा गोरखा र लमजुङका वीचमा खटपट तथा

[११]बमबहादुर अधिकारी, "हिस्टोरिकल स्टडी अफ् द रेलिजिअस ट्चुरिज्म साइट्स अफ् लमजुङ" *प्रज्ञान,* अंक २, २०७२ चैत्र पृष्ठ, ९५-१०३ ।

[१२](क) बुद्धिलाल भण्डारी, नेपाल राष्ट्र निर्माणमा केही योद्धाहरू, (काठमाडौं: ओरिएन्टल प्रकाशन, २०६८ वि.सं.) पृष्ठ, ३-५ ।

(ख) दिनेशराज पन्त, गोरखाको इतिहास (पहिलो भाग), काठमाडौं: लेखक, २०४१ वि.सं.) पृष्ठ, २७ ।

बैमनस्यताका कारण लमजुङ राज्यले चर्चेका भू-भागको सुरक्षा गरिएको थियो । भीम दशिवन्त शाहको पालामा गोरखा राज्यका राजा नरभूपाल शाह नुवाकोट विजयतर्फ लागेकाले गोरखासँग लमजुङ बचाउनको लागि गुटबन्दीको नीतिलाई अगाडि बढाइयो ।

रिपुमर्दन शाहको पालामा गोरखा राज्यको एकीकरणबाट बच्नको निम्ति चौबीसी गठबन्धन कायम गर्न भनि रजस्थल, सराञ्चोक तथा कोट किल्लाहरूको व्यवस्थापन गरिएको थियो । लमजुङका अन्तिम राजा वीरमर्दन शाहको पालामा आएर तार्कूकोट किल्लाबाट तार्कुघाटको युद्धमा गोरखाली सेनासँग लमजुङे सेनानायक भक्ति थापाले अन्तिम युद्ध लडेका थिए । भक्ति थापाले लमजुङ सेना र नेपाली सेनाको नेतृत्व लिएर युद्ध लडेका बखत वीरगति प्राप्त गरेका कारण उनका सन्तानहरूलाई मरवट प्रदान गरिएको थियो ।[१३]वि.सं. १८३९ को कार्तिक १९ गते तनहुँ र कास्की राज्यमाथि अधिकार जमाउन सफल भएका गोरखाली (नेपाली) सेनाले लमजुङमाथि आक्रमण गरेपछि युद्धमा विजय गर्ने स्थिति नदेखेर तनहुँका राजा हरकुमारदत्त सेनसँगै लमजुङे राजा वीरमर्दन शाह आफ्ना युवराज छोरा वीरभूपाल शाहलाई लिएर मनाङको बाटो पलायन भइ पर्वत राज्यमा पलायन भए । यसरी लमजुङको तख्दा पल्टिएपछि राजदरबारको सबै दरबन्दी कालिका भगवती मन्दिरमा प्रतिस्थापित गरिएको थियो ।

## शाहवंशीय राजाहरूको मुख्य दरबार रजस्थलः-

मध्यकालीन लमजुङ दरबारलाई पर्यटकीय थलोको रूपमा विकसित गर्नमा स्थानीय बासिन्दाहरूको निमै चासो देखिएको छ । यस कार्यमा विशेषगरी वीर भक्ति थापाकै सन्तानहरू नरुवालका थापा खलकहरू लागिपरेका छन् । स्थानीय डम्बर बहादुर थापाका छोरा फणिन्द्र थापा, उनका छोराहरू एआईजी रोहित थापा, पुर्व प्रधान सेनापति पूर्णचन्द्र थापालगायत थापा परिवारहरू संगठित भएर गाउँशहरको रजस्थललाई उजागर गर्ने क्रममा योगदान दिन पुगेका छन् । यशोब्रह्म शाहको सालिक बनाउने कार्यमा थापा परिवारको निकै ठूलो योगदान रह्यो । डुम्रे-बेसीशहर मार्गको बेसीशहर निकट गाउँशहरको फेदीमा मर्स्याङ्दी नदीदेखि २ कि.मि. माथिल्लो भागमा अवस्थित लमजुङे राजा यशोब्रह्म शाहकी रानी बसुन्धराद्वारा स्थापित रानीकुवादेखि लमजुङको मुख्य दरबार गाउँशहरकोट हुँदै काउलेपानी पुरानकोट गाउँ भएर पुरानकोटगढी १४ कि.मि.को दूरीमा रहेको छ । गाउँशहरको दरबारदेखि आहालेस्थित लमजुङ उच्च मा.वि. लगभग १ कि.मि. र आहालेबाट काउलेपानी गाउँको दुरी आधा कि.मि. वा ५०० मिटरको दूरीमा पर्दछ ।

काउलेपानी गाउँबाट पुरानकोटको गृष्मकालीन दरबारको दूरी ६ कि.मि. मानिएको छ । सरसर्ती भन्नुपर्दा रानीकुवादेखि काउलेपानी ८ कि.मि. र काउलेपानीबाट पुरानकोट दरबार ६ कि.मि. भन्ने गरिन्छ । राजाको दरबारदेखि तल राजाले उपभोग गरेका माडी खेत र लाम्पाटा खेत निकै उब्जनीयोग्य रहेका छन् । काउलेपानीमा सामुदायिक होमस्टे निर्माण भएको करिब १ वर्षमा हाल त्यहाँ २८ वटा होमस्टेहरू सञ्चालनमा आएका छन् ।[१४] पुरानकोटगढीमा राजा र रानीको दरबारको भग्नावशेष रहेको छ । रानीको दरबारको भग्नावशेष ३०×३० स्क्वायर फिट छ भने राजाको दरबारको भग्नावशेष ५०×४० रहेको छ । हाल त्यहाँ नयाँ गुम्बा निर्माण हुँदैछ र सो गुम्बादेखि पश्चिमतर्फ करिब ५० मिटरको दूरीमा रानीको दरबार अवस्थित छ । रानीको दरबारको चारसूरमा ४ वटा तोपहान्ने स्थान रहेको छ । त्यसकै पश्चिमतर्फ भ्यूटावर राखिएको छ । रानीको दरबार २८ डिग्री, ११ मिनट ५५ सेकेन्ड उत्तरी अक्षांश र ८४ डिग्री २० मिनट ४३ सेकेन्ड पूर्वी देशान्तरमा रहेको छ । राजाको दरबारको पर्खालको उचाइ १० फिट र चौडाइ ४ देखि ६ फिट रहेको छ ।

[१३]भक्ति थापाका नाउँमा छाप बिर्ता गरेको वि.सं. १८५२ को लालमोहर अनुसार । धर्मराज थापा, लोक संस्कृतिको घेरामा लमजुङ, (काठमाडौंः साझा प्रकाशन, २०४१ वि.सं.) पृष्ठ, १६५-१६६ ।

[१४]पुरानकोट र काउलेपानीका स्थानीय बासिन्दा वडा नं. ४ पुरानकोटका वडा अध्यक्ष श्री लालबीर गुरुङ, होमस्टे सञ्चालिका कन्याकाशी गुरुङ र काउलेपानी सामुदायिक होमस्टेका सञ्चालक समाजसेवी शिक्षक श्री देव गुरुङसँगको मिति २०७८/१२/२७ गते लिइएको अन्तर्वार्ताका आधारमा ।

पुरानकोटको जंगलमा हाल कोटकालिका गढीमाईको मौलोमन्दिर-१, मौलो मन्दिरका कर्ता गुरुङ छन् भने पूजारी बाहुनबेंशीका घिमिरे ब्राह्मणहरू रहेका छन् ।

कालु शाहको मृत्युपश्चात् उनकी दोजिया अस्थामा रहेकी रानी वशन्तावतीलाई रानी ओढारमा लुकाएर राखिएको थियो । कालु शाहको अवशानपछि यशोब्रह्म शाहले लमजुङको पुरानकोटस्थित गद्दी सम्हालेका थिए । यशोब्रह्म शाहकी भाउजुलाई रानी ओढारबाट ल्याएर पृथक दरबार बनाएर राखिएको थियो, जुन दरबारलाई आज रानीको दरबार भन्ने गरिन्छ । भलापाँचले दोजिया रानीको गर्भमा रहेको शिशुलाई छोरा भए राजगद्दी र छोरी भए गोडधुवा प्रदान गर्ने निर्णय गरिएको थियो । रानी वशान्तवतीबाट छोरा रत्न शाहको जन्म भएको थियो ।[१५] उक्त दरबारको उचाइ समुद्री सतहदेखि १८८३ मि. रहेको छ भने राजाको दरबारको उचाइ १८८५ मि. रहेको छ । राजा र रानीका दरबारको दूरी करिब ४ सय मिटर रहेको छ । लमजुङको एक ऐतिहासिक थलो प्रचार-प्रसारको अभावमा ओभ्रेलमा परेका कारण त्यसलाई पर्यटकीय गन्तव्य बनाउन स्थानीयले चासो दिएका छन् ।

पुरानकोट, काउलेपानीलगायत घलेगाउँ, सिउरुङ, भुजुङ आदि क्षेत्रका गुरुङ जातिका युवा समूहहरूले होमस्टेको पर्यटन व्यवसायसँगै लोप हुन लागेको गुरुङ संस्कृतिअन्तर्गतको पुरानो रोधी, सेर्का, घ्याब्रे, पच्छिउँ, भ्रामे, भ्र्याउरे, सोरठी, मारुनी, घाटु, चुट्का आदि नाच-नृत्यहरूसहित ठाडो भाकाको लोकगीत एवं दोहोरी गीतहरूलाई जीवन्त तुल्याएका छन् । लमजुङका गुरुङ गाउँहरूमा घरबास पर्यटनअन्तर्गत गरिने पाहुनाप्रतिको आतिथ्य र आत्मीयतापूर्ण व्यवहार तथा माया ममताको विशाल सागरको शैर स्वादलाई उत्कृष्ट नमूनाको रूपमा लिइएको छ । कौशिक गोत्र र हिन्दू धर्म मान्ने आफूलाई गुरुङ दुरा भन्ने लोपोन्मुख दुरा जातिको पुटपुटे, ढुकिनी-भेटिनी, फुपूचाड, दिदीचाड, भाउजूको कम्बलचाड, घ्याबृ काम्ने, ढ्याङ्ग्रो ठोक्ने, टहोसी र अर्घौं गर्ने, प्रेमपूर्वक पाहुनाहरूसँग नाच्ने र गाउने संस्कार अत्यन्त लोकप्रिय रहेको छ । लमजुङको तुर्लुङ्गकोट र दुराडाँडा ठाडो भाका र दोहोरी गीतको मुहान नै मानिन्छ । स्व.देउबहादुर दुरा र श्वरकी धनी बिमाकुमारी दुरा ठाडो भाका र दोहोरीका उत्कृष्ट व्यक्तित्व मानिन्छन् । दुरा जातिले हरेक वर्ष लमजुङे लोकसंस्कृतिको जगेर्ना गर्दै पौष २७ गतेलाई लमजुङमा शाही राजा र राज्य स्थापना गरेको खुशीयालीमा उत्सव मनाउँदै आएको छ ।

गाउँशहरका स्थानीयवासीहरू आफ्नो गाउँमा रहेको ऐतिहासिक एवं पुरातात्वीक सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि स्थानीय जुट्ने भएका हुन् । लमजुङ दरबार शाहबंशीय राजाहरूको उद्गमस्थलको रूपमा परिचित छ । उक्त दरवारसँगै रहेको लमजुङ कालिका पनि निकै शक्तिशाली मानिन्छ । प्रचार प्रसारको अभावमा ओभ्रेलमा परेको भन्दै ती दुवै स्थलको प्रवर्द्धन र पर्यटन विकासको निम्ती स्थानीय बासिन्दाहरू जुटेका हुन् । वास्तवमा मध्यकालीन लमजुङे शाही राजाको गाउँशहर मुख्य दरबार, पुरानकोटको गृष्मकालीन दरबार र बेसीशहर फूलबारीस्थलको शीतकालीन दरबारको जगेर्ना गर्न सकेमा लमजुङ बेसीशहर नगरपालिकाको पर्यटकीय विकास फष्टाउन सक्दछ ।[१६]लमजुङ सदरमुकामको विकास गर्नका लागि ऐतिहासिक धरोहर फूलबारीक्षेत्रमा अवस्थित प्रहरी कार्यालयलाई अन्यत्र सारेर त्यहाँ शीतकालीन दरबारको भग्नावशेषस्थलको संरक्षण गरी त्यही निकटमा राजको फूलबारी तयार गरेर गृष्मकालीन दरबारको स्वरूप तयार गर्नु पर्दछ । त्यसै गरी पुरानकोट गढीस्थित राजा र रानीको दरबारको भग्नावशेषलाई सुरक्षित गरी त्यही निकटमा लमजुङे राजाका ६ घर-थरका जिजुहरूले आफ्ना राजा कालु शाहको स्तुति गरेको मुद्रामा

[१५] राजाराम सुवेदी, *कास्की राज्यको इतिहास,* (काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६० वि.सं.) पृष्ठ, ८५ । (कास्कीका राजा जलाल शाह र कालु शाह कुलमण्डन शाहका क्रमशः जेठा र माइला छोराहरू थिए । उनीहरूको विवाह धूर्कोटे राजा मणिक मल्लका छोरीहरूसँग भएको थियो । जलाल शाहकी रानीलाई सरुपावती र कालु शाहकी रानीलाई वशन्तावती भनिथ्यो । दुबै दिदी-बहिनी दुई दाजु-भाइसँग विवाह गरिएको थियो । उनलाई गाइनेहरूले गीतमा शरुमैं रानी भन्ने गर्दथे) ।

[१६] लमजुङको सदरमुकाम वेसीशहर निवासी समाजसेवी एवं शिक्षित व्यक्ति श्री बेनबहादुर सुएँलसँगको साक्षत्कार भेट वार्ताका आधारमा ।

सालिक निर्माण गर्न सकेको खण्डमा लमजुङको शाही दरबारहरू पर्यटकीय दृष्टिबाट सुनको फूल पार्ने कुखुरी नै बन्न सक्दछन् ।

### लमजुङका केही प्रशिद्ध गाउँहरू :-

लमजुङकानाल्मा, चण्डिस्थान, पुँमा, खासूर गाउँहरू सीतागुफा क्षेत्रका केही घुम्नैपर्ने पर्यटकीय क्षेत्रहरूलाई सङ्क्षेपमा चर्चागर्नु सान्दर्भिक ठानिएको छ । बेसीशहर नगरपालिका-५ मा अवस्थित एउटा लुकेको तर निकै सुन्दर बस्ती हो नाल्मा गाउँ । पुरानकोट गढीको काखमा रहेको पुरानो बस्ती बाखेजगत, चालीस घडेरी हुँदै दक्षिण-पश्चिमतर्फ ओरालो लागेपछि नाल्मा गाउँ पुगिन्छ। यहाँ पुरानोगाउँ, गैह्रीगाउँजस्ता चिटिक्क मिलेका बस्तीहरू छन् । गुरुङ समुदायको बाहुल्य रहेको यी गाउँहरू बेसीसहर र गाउँशहरतिरबाट देख्न नसकिने गरी दक्षिण-पश्चिम फर्किएका छन् । यहाँबाट अन्नपूर्ण र माछापुच्छ्रे हिमालको दृश्य भने लोभै लाग्ने गरी सम्मुखै देख्न पाइन्छ । गुरुङ जातिको कला, संस्कृति, रीतिरिवाज, परम्परागत नृत्य, भेषभूषा रहेको र गाउँमा होमस्टे सञ्चालनमा आएको छ । त्यहाँको होमस्टेको सञ्चालिका कन्याकाशी र स्थानीय वडा अध्यक्ष लालवीर गुरुङले आन्तरिक पर्यटकहरू भित्र्याउनेकार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

सबै प्रकारको वातावरणीय विविधताले भरिपूर्ण सिंगो बेसीशहर न.पा. आन्तरिक तथा बाह्य पर्यटकका लागि अत्यन्तै सुन्दर गन्तव्य हो । यसर्थ, एकपटक पुग्नैपर्ने, हेर्नैपर्ने र घुम्नैपर्ने ठाउँका रूपमा पुरानकोटगढी क्षेत्रलाई लिन सकिन्छ ।शाहवंशीय शासनकालको इतिहासलाई हेर्दा लडाकु, साहसी, वीर तथा विरङ्गनाहरूको राज्यको रूपमा लमजुङलाई लिइएको छ । त्यो समयमा स्याङ्जालाई सिकारी, लमजुङलाई गरुड, गोरखालाई सर्प र कास्कीलाई भ्यागुताको रूपमा इतिहासमा उल्लिखित छ । जङ्गबहादुर राणा वि.सं. १९१४ सम्ममा ज्यादै शक्तिशाली वने, जसको फलस्वरूप राजाको लालमोहर प्राप्त गरी कास्की तथा लमजुङको श्री ३ महाराज तथा मुलुकको प्रधानमन्त्री बन्न पुगे ।

थुप्रै रमणीय गाउँबस्ती रहेको बेसीसहर नगरपालिका-६ मा अवस्थित चण्डीस्थान क्षेत्र आफैंमा सुन्दर भूगोल हो। यो वडामा चनौटे, बेलौती बिसौना, मालेबगर, गोतामेथोक, तल्लो मकैडाँडा, उपल्लो मकैडाँडा, छापस्वाँरा, छ घर, फाँटगाउँ, भण्डारीगाउँ, काल्ने, भलामशेरा, कुर्पिन, पुँमागाउँलगायतका थुप्रै गाउँवस्तीहरू रहेका छन्। बेसीशहरबजार नजिकै रहेको यो गाउँ पुँमाखोला तरेर उकालो लागेपछि २० मिनेटको मोटरयात्रापछि सजिलै पुग्न सकिन्छ।यस क्षेत्रमा विशेषतः क्षेत्री, ब्राह्मण, गुरुङ, मगरलगायतका जनजाति र दलित समुदायको बसोबास छ। उपल्लो मकैडाँडाको माथिल्लो भाग प्राकृतिक भ्यू प्वाइन्टका रूपमा स्थापित छ। यहाँबाट बेसीसहर बजार, मर्स्याङ्दी नदी अनि लमजुङका अत्यन्तै मनमोहक पहाडी भू-भाग र मौसम सफा भएको बेलामा अन्नपूर्ण हिमशृंखलाको दृश्यावलोकन गर्न सकिन्छ । कृषि पर्यटकीय क्षेत्र विकास कार्यक्रममार्फत् यसलाई पर्यटकीय गन्तव्य बनाउन स्थानीयवासी जुटेका छन् । यहाँ सत्यदेव हरिश्चन्द्र मन्दिर, पोखरीदेवी मन्दिर, ठूलोपोखरी र पोखरीको बीचमा भगवान् शिवजीको मूर्ति निर्माण गरिएको छ। पानीको व्यवस्थापन गरेर शिवजीको शिरबाट पानीको फोहोरा छुटाउने तयारी गरिएको छ ।

चण्डीस्थानको बेसी क्षेत्रमा भने मर्स्याङ्दी नदीको मनोरम दृश्यावलोकन गर्न सकिन्छ । यहाँस्थित बेलौतीबिसौना बजार र मालेबगर आसपासबाट मध्यमर्स्याङ्दी जलविद्युत् आयोजनाको जलाशयसम्म मध्यम दूरीको र्‍याफ्टिङ र कायाकिङजस्ता साहसिक जलक्रीडा गर्न सकिन्छ। यहाँ बर्सेनि देशविदेशबाट आउने साहसिक पर्यटकले जलक्रीडा गर्ने गर्दछन्। यसलाई व्यावसायिक रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाएर पर्यटन प्रवर्द्धन गर्दै जाने लक्ष्य नगरपालिकाले लिएको छ ।[१७] उपल्लो मकैडाँडाबाट माथि उकालो लागेपछि अर्को एउटा पर्यटकीय गन्तव्यका रूपमा विकसित सुन्दर बस्ती पुँमागाउँ पुगिन्छ। बेसीसहरबाट दक्षिण एसियाकै नमुनागाउँका रूपमा परिचित घलेगाउँ जाने सडकखण्डमा पर्ने यो गाउँ जिल्लाकै नयाँ होमस्टे

[१७]बेसीशहर न.पा. का वर्तमान मेयर श्री गुमानसिंह अर्यालसँग मिति २०७८/०८/०८ का दिन गाउँहरमा गरिएको साक्षत्कार भेटवार्ताका आधारमा ।

गाउँका रूपमा स्थापित भइसकेको छ । अधिकांश गुरुङ जाति र केही दलित समुदायको मिश्रित बसाइ रहेको यो गाउँमा करिब ५२ घरपरिवारको बसोबास छ। तीमध्ये करिब १५ घर होमस्टेका लागि छुट्याइएको छ।

पहाडी काखमा भएर पनि यो बस्ती लुकेको अवस्थितिमा छ । बाहिरबाट हेर्दा सर्लक्क मिलेको बस्तीलाई एउटै दृश्यमा हेर्न भने सकिँदैन । अन्नपूर्ण फेरो पदमार्गको प्रवेशबिन्दुमा पर्ने लमजुङका धेरै गाउँ पर्यटकीय दृष्टिकोणले आकर्षक छन्।पुँमागाउँवासी पाहुनाको स्वागत, सत्कार र सेवामा निकै आत्मीयभावका साथ जुट्ने गर्दछन् । यहाँबाट देखिने बेशीशहरबजार, लमजुङ र तनहुँका विभिन्न पहाडी भूगोल अनि एउटै लहरमा लमजुङ हिमाल, अन्नपूर्ण हिमाल, डादीचुली अर्थात् डाक्टर हर्कचुचुरो, अन्नपूर्णपिकलगायतका दर्जनौं हिमशृंखलाको दृश्यावलोकन गर्दा भने यो गाउँ पनि प्राकृतिक भ्यूप्वाइन्टजस्तै लाग्छ।बेसीसहरको नजिकको दूरीमा रहेको ग्रामीण पर्यटकीय गन्तव्यका रूपमा परिचित खासुर गाउँ समुद्री सतहदेखि ९ सय ५० मिटर उचाइमा रहेको छ । घले, गुरुङ र दलित समुदायको मिश्रित १३० घरधुरीमा 'होमस्टे' अर्थात् घरबास कार्यक्रम सञ्चालन गर्दै २४ घरमा पाहुना राख्न सकिन्छ।स्थानीय प्रगति नारी समाजमा आबद्ध १६ जना चेलीबेटीले गाउँमै सामूहिक खाजाघरसमेत सञ्चालन गरेका छन् ।[१८]

यहाँ आउने स्वदेशी तथा विदेशी पर्यटकलाई निकै सुविधा भएको छ। बेसीसहरबाट ३० मिनेटको मोटरयात्रा र एक घण्टाको पैदलयात्रामै पुगिने भएकाले आन्तरिक तथा वाह्य पर्यटकलाई आवत-जावतमा गर्नमा पनि निकै सहज मानिन्छ। चिटिक्क मिलेको गाउँ, सफा र व्यवस्थित बाटोघाटो, गुम्बाजस्ता संरचना र सम्पदाले गाउँको गरिमा र महत्त्व अझ बढाएका छन् । यहाँबाट देखिने विविधतापूर्ण प्राकृतिक दृश्य र छटाहरूले पर्यटकलाई आनन्दित र उत्साहित बनाइरहन्छन् । बेसीसहर नगरपालिका-१० का गाउँबस्तीहरू ऐतिहासिक धरोहर र सम्पदाहरूकै सूचीमा पर्दछन् । धार्मिक आस्था र जनविश्वास बोकेको एउटा पवित्रस्थल सीतागुफाहो । यस नगरअन्तर्गत भकुण्डेको चालिसे चौतारादेखि पारिपट्टी मर्स्याङ्दी नदीको पूर्वी किनारको पासाचौर गाउँनजिकै यो गुफा रहेको छ। बोलीचालीमा यसलाई गुफा भनिए पनि वास्तवमा यो एउटा ओढार नै हो । उहिल्यै यहाँ ठूलो र लामो गुफा रहेको तर विभिन्न कारणले पुरिँदै गएर हाल ओढारको स्वरूपमा पुगेको जनविश्वास छ । यहाँ देवीदेवताको मूर्ति स्थापना गरेर पूजाआजा गरिँदै आइएको छर यस गुफाको ऐतिहासिक महत्त्व रहेको छ । यसरी नै अन्य प्रख्यात गाउँहरूमा घलेगाउँ, सिउरुङ, भीरपुस्तुन, भुजुङ, दिहिथोक, बाहुनवेंशीलगायत थुप्रै मनमोहक पाहारिला गाउँहरू छन् ।

**लमजुङबासीको जागरण :-**

भौगोलिक, ऐतिहासिक, पुरातात्त्विक एवं पर्यटकीय विविधताले भरिपूर्ण सिंगो बेसीसहर नगरपालिका आन्तरिक तथा बाह्य पर्यटकका लागि अत्यन्तै सुन्दर गन्तव्य हो । बेंसीशहर नगरपालिका-३ का वडा अध्यक्ष सूर्यकुमार श्रेष्ठको अध्यक्षतामा भएको एक भेलाले नेपाल शसस्त्र प्रहरी बलका पूर्व अतिरिक्त महानिरीक्षक रोहितचन्द्र थापाको अध्यक्षतामा १३ सदस्यीय तदर्थ समिति गठन गरेको छ ।[१९] समितिको उपाध्यक्षमा लमजुङ कालिका मन्दिरका पुजारी माधवप्रसाद बराल, सचिवमा नेपाल सांस्कृतिक संघका केन्द्रीय अध्यक्ष एवं बेंसीशहर-२ निवासी तीर्थ थापा, कोषाध्यक्षमा लमजुङ मा.वि.का प्रधानाध्यापक सीतादेवी बराल चयन भएका छन् ।[२०] उक्त समितिको सदस्यहरूमा रेडक्रस जिल्ला शाखाका अध्यक्ष दीपक बराल, अधिवक्ता गुणराज घिमिरे, जनजातिका अगुवा बलबहादुर राना, वडाध्यक्ष सूर्यकुमार श्रेष्ठ चयन भएका छन् । यसैगरी, अन्य सदस्यहरूमा सामाजिक व्यक्तित्वहरू सोमबहादुर दुलाल, शर्मिला थापा, तीलकुमारी गुरुङ, लक्ष्मी के.सी. र श्रीकान्त घिमिरे

[१८]बेसीशहर निवासी बुद्धिजीवि समाजसेवी एवं राजनीतिकर्मी श्री कृष्णबहादुर अधिकारीसँग मिति २०७८/०८/०८ का दिन बेसीशहरमा गरिएको साक्षत्कार भेटवार्ताका आधारमा ।

[१९]नेपाल शसस्त्र प्र.ब. पूर्व अ.महानिरीक्षक रोहितचन्द्र थापासँग मिति २०७८/०८/०७ गते लिइएको अन्तर्वार्तामा प्राप्त जानकारीका आधारमा ।

[२०]*ऐजन्* ।

रहेका छन् ।भेलाले गठन गरेको तदर्थ समितिलाई विधान बनाउने, समितिको नामाकरण गर्ने, प्रचलित कानुनअनुसार संस्था दर्ता गर्ने र ऐतिहासिक, पुरातात्त्विक सम्पदाहरूको संरक्षण र पर्यटन प्रवर्द्धनका लागि गुरुयोजना बनाउने जिम्मा दिएको नवगठित समितिका अध्यक्ष श्री रोहित थापाद्वारा खुलासा भएको छ ।

वि.सं. २०७८ साल मङ्सिर ८ गतेका दिन नेपाल प्राज्ञा प्रतिष्ठानका उपकुलपति डा.जगमान गुरुङको आतिथ्यता इतिहासविद् डा.बमबहादुर अधिकारी, पुरातत्त्वसम्बन्धी विज्ञ इन्जिनियर सम्पत् घिमिरे, स्थानीय रोहितचन्द्र थापा, बाहुनवेंशीका रामप्रसाद घिमिरे, दुरा भाषाका विशेषज्ञ मुक्तिनाथ घिमिरे, तुर्लुङकोटका देवबहादुर दुरा, आदिको ९ सदस्यीय समितिले पुरानकोट दरबारका तत्कालीन राजा कालु शाहको दरबार निर्माण गर्ने योजना बनाएको छ । लमजुङ दरवार ऐतिहासिक छ, र योसँगै रहेको कालिका मन्दिर धार्मिक पर्यटकीय गन्तव्यस्थल पनि हो । यहाँबाट देखिने सूर्योदयको दृश्य पनि उत्तिकै मनमोहक देखिन्छ ।' गाउँशहरमैं रहेको काउलेपानी होमस्टे पनि वर्तमान समयमा आएर नेपालकै उत्कृष्ट 'होमस्टे गाउँ' घोषणा भई पुरस्कृत भएको छ ।वि.सं. २०४९ सालमा पुरातत्त्व विभागले लमजुङ कालिका मन्दिरको पुनःनिर्माण गराए पनि त्यहाँको विकासका लागि थप काम हुन सकेको छैन । शाह राजाहरूको इतिहाससँग जोडिएको ऐतिहासिक लमजुङ दरबार लमजुङ कालिका मन्दिर र यहाँबाट देखिने मरोरम दृश्यले पर्यटकीय क्षेत्रको रूपमा विकास हुने प्रशस्त सम्भावना छ तर उचित व्यवस्थापन र प्रचार-प्रसार नहुँदा यसक्षेत्र विकासका हिसावले समेत ओभ्फेलमा परेको हुँदा स्थानीय आँफै सक्रिय भएका छन् ।

पर्यटनका अभियन्ता प्रेम घलेका अनुसार, २०५६ मा घलेगाउँवासीले पर्यटन प्रवर्द्धनका कार्यक्रम सुरु गरेपछि आन्तरिक पर्यटक आउन थालेका हुन् । घलेगाउँमा अहिले ४० होमस्टे सञ्चालनमा छन् । 'घलेगाउँलाई स्मार्ट भिलेज बनाइएको छ । यहाँको खानपान हाइजेनिक छ। बेडदेखि कोठामा एकरूपता छ। त्यहाँ पाहुनाको स्वागत र बिदाइ भव्य रूपमा हुन्छ। वरपर घुम्ने ठाउँ बनाइएको छ । यो हाम्रो दुई दशकको मिहिनेत हो' भनेर पर्यटन समितिका अध्यक्षसमेत रहेका प्रेम घलेले भनेका हुन्। [२१]संसारमै घलेगाउँको बयान चलाउन घलेगाउँका सबै खाले दृश्य समेटिएको म्युजिक भिडियो निर्माण गरिएको उनले बताए।पर्यटन व्यवस्थापन उपसमिति भुजुङका अध्यक्ष तुलबहादुर गुरुङका अनुसार नेपालकै ठूलो गुरुङ गाउँमध्येको एक भुजुङमा करिब ४ सय घर परिवार छन् ।भुजुङ सुन्दर गाउँ भएकोले पर्यटकको रोजाइमा पर्ने गरेको छ। ७ सय वर्ष पुरानो मानिएको भुजुङ गाउँ नजाँदा पर्यटकलाई एउटा इतिहास छुटेको भान हुन्छ। भुजुङ गाउँका २२ वटा घरमा होमस्टे छन्। परम्परागत घर, न्यानो आतिथ्य, स्थानीय संस्कृति, प्राकृतिक दृश्यावलोकनले पर्यटक लोभिने गरेका छन्।भुजुङ र घलेगाउँको बीचमा घनपोखरा छ। मर्स्याङ्दी गाउँपालिका-१ मा पर्ने घनपोखरा जिल्लाकै सबैभन्दा उचाइमा रहेको गाउँ हो। यहाँ १० घरमा होमस्टे छ। स्थानीय जितबहादुर गुरुङका अनुसार, गुरुङ जातिको आदिमथलो क्होलासौँथरबाट आएर घनपोखरा बसेकाहरू अहिले संसारभरि छरिएर बसेका छन् ।घनपोखराबाट 'करिब १५ वटा हिमाल आँखैअगाडि देखिन्छ। हिमालसँग सबैभन्दा नजिक भएको गाउँ घनपोखरा हो ।

बेंसीसहर-३ मा पर्ने काउलेपानीलाई सन् २०१४ मा गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) ले उत्कृष्ट होमस्टे गाउँ घोषणा गरेपछि यहाँको रौनक छुट्टै छ। बेंसीसहरबाट आधा घण्टामै पुग्न सकिने काउलेपानीमा पर्यटक आगमन बढेको काउलेपानी पर्यटन व्यवस्थापन समितिका अध्यक्ष देउबहादुर गुरुङ बताउँछन्। पर्यटन व्यवस्थापन उपसमिति सिउरुङका सचिव उमरबहादुर गुरुङले अर्ग्यानिक खानपानका लागि सिउरुङमा पर्यटकहरू आउने र सिस्नो, गुन्द्रुक, निउरो, च्याउ आदि खानेगरेको बताएका छन् । सिउरुङको १६ घरमा होमस्टेको सुविधा छ। बेसीशहरदेखि ३ घण्टाको जिपयात्रापछि सिउरुङ पुग्न सकिन्छ। यहाँ रोधींको भाका

[२१]घलेगाउँ होमस्टे पर्यटन व्यवसायका सचेतक एवं विकासवादी सोंच भएका व्यक्ति प्रेम घलेसँगको कुराकानीका आधारमा ।

गाइन्छ। वि.सं. २०७२ सालको भूकम्पले भत्किएको घरलाई अमेरिकी नागरिक नताशा वजनियकको सहयोगमा पुनर्निर्माण गरेपछि राइनासकोटको १४ घरमा होमस्टे छ। भिटोफले सन् २०१८ मा उत्कृष्ट होमस्टे घोषणा गरेको राइनासकोट तनहुको सीमाक्षेत्र पाउँदीबाट डेढ घण्टामा पुग्न सकिन्छ । राइनासकोटमा १५ औं शताब्दीमा तत्कालीन राजा यशोब्रह्म शाहका माइलो छोरा द्रव्य शाहबसेको इतिहास पाइन्छ।राइनासकोटभन्दा पारिपट्टि गोरखाको लिगलिगकोटमा दौड जितेपछि उनी उक्त क्षेत्रको राजा बनेका थिए। राइनासकोटमा बाईसी-चौबीसी राज्यहरूको शासनकालमा निर्माण गरिएका किल्ला, स्थानीय कालिका, कोटेश्वर महादेव, थानीमाई मन्दिर र अन्य कोट तथा गढी छन् ।

लमजुङका होमस्टहरू आन्तरिक पर्यटकको गन्तव्य बनेको छन्। 'प्रकृतिको स्वादसँगै स्थानीय कला-संस्कृति, रहन-सहन, प्राकृतिक छटा हेर्नकै लागि पर्यटकहरू लमजुङ आउने गर्दछन् ।गण्डकी प्रदेश सरकारले घलेगाउँ, लमजुङ दरबार, भुजुङ, राइनासकोट, घनपोखरा, सिउरुङ, काउलेपानी, इलमपोखरी, इशानेश्वर र दूधपोखरीलाई पर्यटकीय गन्तव्य घोषणा गरिसकेको छ। [२२]मध्यनेपाल नगरपालिकामा पर्ने इशानेश्वर साथै लमजुङ, कास्की र मनाङको सीमामा पर्ने दूधपोखरीमा बाहेक अन्य ठाउँमा होमस्टेको सुविधा छ। इशानेश्वर क्षेत्रमा पनि बसोबासका लागि होटल तथा लजहरूनिर्माण गरिएका छन् । पछिल्लो समय खासुर, ताघ्रिङ, पसगाउँ, हिलेटक्सार, तार्कु, गहते, पुरानकोट, तुर्लुङकोट, नरुवल, मगरगाउँ, भुस्मेलगायतका गाउँहरू पर्यटकको रोजाइमा परेका छन् ।

## निष्कर्ष

लमजुङ दरबार गण्डकी प्रदेशको लमजुङ जिल्लामा अवस्थित एक पुरानो दरबार हो । यो १६ औं शताब्दीमा घले गुरुङ राजाले निर्माण गरेका थिए । लमजुङ दरबारले पनि किल्लाको रूपमा काम गर्दछ । २३ अगस्त २००७ सालमा लमजुङ दरबार राष्ट्रियकरण गरिएको थियो । २०१५ सालमा नेपाल सरकारले लमजुङ दरबार चित्रित टिकटहरू जारी गरेको थियो । लमजुङ दरबारमा स्थापित २२ सुसारेको दरबन्दीको अनुकरण गोरखा दरबार र बसन्तपुर दरबारमा गरिएको थियो भने यसको शुभारम्भ यशोब्रह्म शाहले कास्कीबाट अनुकरण गरेका थिए । उनले लमजुङ दरबारमा २७ वटा सुसारेको दरबन्दी कायम गरे जुन दरबन्दीहरू लमजुङ राज्यको तख्ता पल्टिएपछि लमजुङ कालिका मन्दिरमा प्रतिस्थापन गरियो । त्यसैले लमजुङ शाहवंशीय राजाहरूको उद्‌गमस्थल मात्र नभएर जहानीया राणा शासनका संस्थापक जंगबहादुरले रुचाएको, गोरखा एकीकरणको पूर्वी तथा पश्चिमी अभियानलाई ठूलो चुनौती दिने शक्तिशाली राज्य [२३]मानिएको छ ।

वि.सं.२००७ सालको हलो क्रान्तिको नेतृत्व गर्ने पनि यही लमजुङ जिल्ला हो; जसले प्रजातन्त्रको विहानी ल्याएको थियो । नेपालको एकीकरण गोरखा राज्यबाट भए पनि यसको प्रारूप भने लमजुङबाटै भएको थियो । तसर्थ मध्यकालीन मुख्य रजस्थल गाउँशहरलगायत पुरानकोटको ग्रीष्मकालीन र बेसीशहरको फूलबारीस्थित शीतकालीन दरबारको जगेर्ना गर्ने दायित्व स्थानीय बासिन्दाहरू घिमिरे परिवार/प्रतिष्ठान, थापा परिवार/प्रतिष्ठान रतत्कालीन ६ थर-घरसहितका दुरा, गुरुङ सबैको रहनु पर्दछ । यसको प्रारम्भिक सर्भे कार्य कार्य दलका प्रमुख प्रज्ञा प्रतिष्ठान कमलादीका उपकुलपति डा.जगमान गुरुङ, इतिहासविद् डा.बमबहादुर अधिकारी, पुरातत्त्व विभागका पूर्व इन्जिनियर सम्पत् घिमिरे, स्थानीय समाजसेवी रोहितचन्द्र थापासहितको टोलीबाट सम्पन्न भइसकेको हुँदा उक्त दरबार निर्माण कार्यमा सबै स्थानीय बासिन्दाहरूले मन, वचन र कर्मले सेवा पुऱ्याउनु पर्दछ भन्ने विचार लेखकको रहेको छ । अस्तु !

---

[२२]नेपाल सांस्कृतिक संघका केन्द्रीय अध्यक्ष एवं बेंसीशहर-२ निवासी समाजसेवी श्री तीर्थ थापासँग भएको साक्षात्कार भेटवार्ताका आधारमा ।

[२३]मोहनप्रसाद खनाल, *इतिहास प्रभात,* (काठमाडौंःमोहन खनाल, २०२६ वि.सं.) पृष्ठ, ४८-४९ ।

## सन्दर्भ सामग्री सूची


### प्रकाशित पुस्तकहरू

अधिकारी, बमबहादुर. *लमजुङको सङ्क्षिप्त इतिहास.* काठमाडौंः मोलुङ फाउन्डेसन.२०६९ वि.सं. ।

**---**, *प्राचीन तथा मध्यकालीन नेपालको इतिहास.* काठमाडौंः मोलुङ फाउन्डेसन. २०६९ वि.सं. ।

**---**, *लमजुङको पर्यटनको इतिहास.* काठमाडौंः हाम्रो नवोदित पुस्तक भण्डार. २०७३ वि.सं. ।

**---**, *लमजुङको सुनौलो इतिहास.* काठमाडौंः स्वदेश प्रकाशन प्रा.लि. २०७६ वि.सं. ।

**---**, *पर्यटन र विकासको इतिहास.* काठमाडौंः डिकुरा पब्लिकेसन. २०७६ वि.सं. ।

**---**, *नेपालको सरल इतिहास.* काठमाडौंः स्वदेश प्रकाशन प्रा.लि. २०७६ वि.सं. ।

खनाल, मोहनप्रसाद. *इतिहास प्रभात.* काठमाडौँः मोहन खनाल २०२६ वि.सं. ।

थापा, धर्मराज. *लोकसंस्कृतिको घेरामा लमजुङ.* काठमाडौंः साझा प्रकाशन. २०४१ वि.सं. ।

पन्त, दिनेशराज. *गोरखाको इतिहासपहिलो भाग.* काठमाडौँः लेखक २०४१ वि.सं. ।

भण्डारी, बुद्धिलाल. *नेपाल राष्ट्र निर्माणमा केही योद्धाहरू,* काठमाडौँः ओरिएन्टल प्रकाशन. २०६८ वि.सं. ।

लामा, चूडादेवसिंह. *नेपालका आदिवासी तथा जनजाति संस्कारः एक परिचय.* काठमाडौं : नेपाल तामाङ गुम्वा सेवा केन्द्र. २०६५ वि.सं. ।

सुवेदी राजाराम, *कास्की राज्यको इतिहास.* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार. २०६० वि.सं. ।

### लेखहरूः

अधिकारी, बमबहादुर. “सिग्नीफिकेन्स अफ् हिस्टोरिकल एन्ड रेलिजिअस साइट्स अफ् लमजुङ” *हिसान. जर्नल.* नं ०१. भोलुम २. २०१६ अप्रिल पेज १-८ ।

**---**, “नेपालको इतिहासमा ‘लमजुङ राज्य‘ ” *हिसान. जर्नल.* नं ०१. भोलुम १. २०१३ डिसेम्बर पेज. ७१-७६ ।

**---**, “ओझेलमा परेको तुर्लुङकोट दरबार तथा तुर्लुङकालिका मन्दिर” *सिसार.* अङ्क ११. २०७३ वैशाख. पृष्ठ. ६६-८० ।

**---**, “हिस्टोरिकल स्टडी अफ् द रेलिजिअस ट्युरिज्म साइट्स अफ् लमजुङ. *प्रज्ञान.* अङ्क २, २०७२ चैत्र. पेज ९५-१०३ ।

**---**, “थ्री प्यालेसेज् अफ् मिडिएभल लमजुङ स्टेटः पुरानकोट, गाउँशहर एन्ड बेसीशहर *हिसान. जर्नल.* नं ०१. भोलुम ६. २०२० डिसेम्बर पेज. १-१२ ।

शर्मा, प्रेम.“लमजुङ होमस्टे उत्तम गन्तव्यस्थलः पुरानोकोट र काउलेपानी” *पूर्ण. राष्ट्रिय मासिक.* कार्तिक-मङ्सीर. २०७२ वि.सं. पृष्ठ. १६-१९ ।

### प्रतिवेदनहरूः

अधिकारी, बमबहादुर. “लमजुङ जिल्लाको ऐतिहासिक पर्यटन : एक अध्ययन” मोलुङ फाउन्डेसन कोटेश्वरमा प्रस्तुत अनुसन्धान परियोजनाको प्रतिवेदन. १५ चैत्र २०६९ वि.सं. पृष्ठ. १-७५ ।

**---**,“लमजुङका कोट, कील्ला र पर्यटकीय स्थलहरू : एक ऐतिहासिक अध्ययन” मोलुङ फाउन्डेसन कोटेश्वरमा प्रस्तुत अनुसन्धान परियोजनाको प्रतिवेदन. ०१ वैशाख २०७५ वि.सं. पृष्ठ. १-१०३ ।

### लालमोहर, अभिलेख र अन्तर्वार्ताहरूः

दुराहरूलाई कर माफी गरेको श्री ५ राजेन्द्रको वि.सं. १८७७ को लालमोहर ।

लमजुङको श्री ५ गीर्वाणयुद्धविक्रम शाहको वि.सं. १८५८ को अभिलेख ।

लमजुङको स्थिति मिलाउने श्री ५ राजेन्द्रको वि.सं. १८७८ को अभिलेख ।

लमजुङ दरबार मर्मत गर्ने विषयको वि.सं. १८५२ को पत्र ।

सरदार भक्ति थापालाई दिएको वि.सं. १८५२ को छाप बिर्ता ।

लमजुङको श्री ५ गीर्वाणयुद्धविक्रम शाहको वि.सं. १८५६ को अभिलेख ।

मिति २०७६/०७/१४ गते जि.लमजुङ बेसीशहर न.पा. वडा नं. ०७ निवासी अधिवक्ता एवं समाजसेवी कृष्णबहादुर अधिकारीसँग लिएको अन्तर्वार्ता ।

गाउँशहर दरबार लमजुङ कालिका मन्दिरका पूजारी वर्ष ७१ का तीर्थबहादुर बोहोरासँग मिति २०७७ चैत्र ७ गते उनले बसाईं सरेको क्षेत्र चितवन जिल्ला साविक फूलबारी गा.वि.स. मा भेटेर लिएको अन्तर्वार्ताका आधारमा ।

**चित्रहरू:**



**वर्तमान लमजुङ दरबार काउलेपानी मन्दिर**



**कोट मौलो मन्दिर**



**चण्डीदेवी मन्दिर**



**राजाको दरबारको भग्नावशेष**




**चण्डीदेवस्थान क्षेत्र**



रानीको दरबारको भग्नावशेष



राजा कालु शाहको दरबारको भग्नावेशेष



रानीको दरबारको भग्नावशेष ।